नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०१।१०**

## प्रेस विज्ञप्ती

**झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छली गर्ने सर्लाही स्थायी ठेगाना भई हाल ललितपुर महानगरपालिका वडा नं. १८ बस्ने अनिल गुप्ता एण्ड एशोसियटस (स्था.ले.नं. ३००२७४७५४) का प्रोपराइटर अनिलकुमार गुप्ता तथा सर्लाही स्थायी ठेगाना भई का.जि. का.म.न.पा वडा नं. १४ कुलेश्वरमा रहेको अंकुश ट्रेड एण्ड सप्लायर्स (स्था.ले.नं.६०२९२२१६४) का प्रोपराइटर प्रविण कुमार महतो समेत १३ फर्महरूका प्रोपराईटर गरी १६ जना प्रतिवादीहरुबाट रु.२,१९,८७,९५,६१४।- (अक्षरेपी दुइ अर्व उन्नाइस करोड सतासी लाख पन्चानब्बे हजार छ सय चौध मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७८-०१-१० गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

प्राप्त सबै सबुद प्रमाणबाट **अनिल गुप्ता एण्ड एशोसियटस (स्था.ले.नं. ३००२७४७५४) का प्रोपराइटर अनिलकुमार गुप्ता एवं अंकुश ट्रेड एण्ड सप्लायर्स (स्था.ले.नं.६०२९२२१६४) का प्रोपराइटर प्रविण कुमार महतो समेत १३ फर्महरूका प्रोपराईटर गरी १६ जना प्रतिवादीहरुले** विभिन्न फर्महरुको नाममा नक्कली तथा झुट्टा बिक्री बीजक जारी गरी उक्त फर्महरुबाट कर बीजक बमोजिमको रकम भुक्तानी लिई सो बीजक मार्फत असुल गरेको मूल्य अभिवृद्धि कर रकम सरकारी कोषमा दाखिला नगरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कायम भएको **मु.अ.कर तर्फ रु.६४,५०,९७,८७२।- र आयकर तर्फ रु. १,५५,३६,९७,७४२।- समेत कूल जम्मा विगो रु.२,१९,८७,९५,६१४।- (अक्षरेपी दुइ अर्व उन्नाइस करोड सतासी लाख पन्चानब्बे हजार छ सय चौध मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले सर्लाही स्थायी ठेगाना भई हाल जि. ललितपुर ल.म.न.पा. वडा नं. १८ नख्खु बस्ने अनिल गुप्ता एण्ड एशोसियटस (स्था.ले.नं. ३००२७४७५४) का प्रोपराइटर **अनिल कुमार गुप्ता,** सर्लाही स्थायी ठेगाना भई का.जि. का.म.न.पा वडा नं. १४ कुलेश्वरमा रहेको अंकुश ट्रेड एण्ड सप्लायर्स (स्था.ले.नं.६०२९२२१६४) का प्रोपराइटर **प्रविण कुमार महतो,** जिल्ला पर्सा स्थायी ठेगाना भई जि. काठमाडौं, का.म.न.पा. वडा नं.१० थापागाउँमा कारोबारस्थल देखाएको सन्ध्या ट्रेडर्स (स्था.ले.नं.६००६५१५१२) का प्रोप्राइटर **अभिमन महतो कोइरी,** जिल्ला बारा

स्थायी ठेगाना भई जि. काठमाडौं का.म.न.पा. वडा नं. ३ बसुन्धरामा कारोबारस्थल देखाएको लक्की ट्रेड लिंक(स्था.ले.नं.६०४९२२६६५) का प्रोप्राइटर **अकली हजरा दुसाद,** जिल्ला बारा स्थायी ठेगाना भई जि. काठमाडौं का.म.न.पा.वडा नं.०६ मा कारोबारस्थल देखाएको मुअन ट्रेडिङ्ग कन्सर्न (स्था.ले.नं. ६०५४४४१०२) का प्रोप्राइटर **मुअन महरा,** जिल्ला पर्सा स्थायी ठेगाना भई जि. काठमाडौं का.म.न.पा. वडा नम्बर -१३ कालीमाटीमा कारोबारस्थल देखाएको दिब्या ईन्टरप्राइजेज (स्था.ले.नं. ६०२९२८०३०) का प्रोपराइटर **रामचन्द्र माझी,** जिल्ला बारा स्थायी ठेगाना भई जि. काठमाडौं, का.म.न.पा. वडा नम्बर -३ बसुन्धरामा कारोबारस्थल देखाएको निकी के ट्रेडर्स (स्था.ले.नं. ६०४९२२३६६) का प्रोपराइटर **भुलावन महरा चमार,** जिल्ला पर्सा, बिरगंज महानगरपालिका वडा नम्बर -१३ स्थायी ठेगाना भई जि. काठमाडौं तारकेश्वर नगरपालिका वडा नम्बर -१० मा कारोबारस्थल देखाएको एन के डी ट्रेडर्स (स्था.ले.नं.६०३३७९२४२) का प्रोपराइटर **दिपक कुमार कायस्थ,** जिल्ला बारा, परवानीपुर गाउँपालीका लिपनमाल स्थायी ठेगाना भई जि. काठमाडौं नागार्जुन नगरपालिका वडा नम्बर-४ सितापाइलामा कारोबारस्थल देखाएको जि.एन. ट्रेडर्स (स्था.ले.नं. ६००४८१७११) का प्रोपाईटर **ओकिल देवान,** जिल्ला काठमाडौ चन्द्रागिरी नगरपालिका वडा नम्बर- १५ तिनथाना ढुंगेअड्डा स्थायी ठेगाना भई काठमाडौं महानगरपालिका वडा नम्बर -१४ कलंकीमा कारोबारस्थल देखाएका सुवर्ण ट्रेड लिंक (स्था.ले.नं.६०३०४८५६६) का प्रोप्राइटर **सरोज श्रेष्ठ,** जिल्ला काठमाडौं, का.म.न.पा वडा नम्बर -२४ रंजनागल्ली स्थायी ठेगाना भई जि. काठमाडौं, का.म.न.पा.वडा नम्बर -१७ खुसिबुमा कारोबारस्थल देखाएको संजय इन्टरनेशनल इन्टरप्राइजेज (स्था.ले.नं. ६१०५३३६३१) का प्रोप्राइटर **संजय श्रेष्ठ,** जिल्ला सर्लाही स्थायी ठेगाना भई जि. काठमाडौं का.म.न.पा. वडा नम्बर -१४ कुलेश्वरमा कारोबारस्थल देखाएको अंशु ट्रेड लिंक (स्था.ले.नं. ६००२५३१०१) का प्रोप्राइटर **बाणेश्वर महतो,** जिल्ला उदयपुर स्थायी ठेगाना भई जि. काठमाडौं का.म.न.पा वडा नम्बर -२३ ओमबहालमा कारोबारस्थल देखाएको कोमल ट्रेड लिंक (स्था.ले.नं. ६१०७०४९२७) का प्रोप्राइटर **सरोज ढकाल,** स्थायी ठेगाना भई जि. काठमाडौं, का.म.न.पा.वडा नम्बर -९ पुरानोबानेश्वरमा कारोबारस्थल देखाएका पि.एन. आर इन्टरप्राइजेज (स्था.ले.नं. ६०९१८९६१०) का प्रोप्राइटर **राधेश्याम प्रसाद साह तेली,** का.जि. का.म.न.पा. वडा नं. २४ वटुबहाल स्थायी ठेगाना भई चन्द्रागिरी न.पा. वडा नं. १५ ढुंगेअड्डा बस्ने का.जि., का.म.न.पा.वडा नम्बर -१३ कालिमाटीमा कारोबारस्थल देखाएका आयान टेड्र लिंक (स्था.ले.नं.६०८६८३३४४) का प्रोपराइटर **रत्न गोपाल श्रेष्ठ र** जिल्ला सर्लाही स्थायी ठेगाना भई हाल जि. ललितपुर, ल.म.न.पा. वडा नं. १८, नख्खु निवासी चल अचल सम्पत्ति जफत गर्ने प्रयोजनका लागि कायम गरिएका प्रतिवादी **अञ्जु गुप्ता** समेतलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम विगो रकम **रु.२,१९,८७,९५,६१४।- (अक्षरेपी दुइ अर्व उन्नाइस करोड सतासी लाख पन्चानब्बे हजार छ सय चौध मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७८-०१-१० गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**